चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## २०८१ चैत्र १० गते बसेको कर्मचारी बैठकका प्रस्ताव र निर्णयहरू

**निर्णय नं. १:** प्रस्ताव नं. १ **'यस अघिका कर्मचारी बैठकका निर्णयहरू र परिपत्रको कार्यान्वयन अवस्था सम्बन्धी प्रस्तावमा'** मा छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत शाखा / उपशाखा / इकाइ / फाँट / वडा कार्यालयबाट हालसम्म सम्पादित कार्यहरू र यस अघिका कर्मचारी बैठकका निर्णयहरू कार्यान्वयनको अवस्थाको सम्बन्धमा समीक्षा गरियो । कार्यान्वय हुन बाँकी निर्णयहरूलाई यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ **'आर्थिक वर्ष २०८१/०८२ को आन्तरिक राजस्व सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को आधारमा आन्तरिक राजश्व सङ्कन गर्ने सम्बन्धित निकाय (राजश्व सङ्कलनमा प्रत्यक्ष भूमिका खेल्ने वडा कार्यालय, राजश्व उपशाखा लगायत अन्य) कडाइपूर्वक क्रियाशील हुने र राजश्व सङ्कलन गर्ने । सङ्कलन भएको राजश्व प्रचलित कानुनबमोजिम समयमै आन्तरिक राजश्व शाखामा दाखिला गर्ने । चुहावट र हिनामिना हुन नदिने । नगरबस, एम्बुलेन्स सेवा, व्याकोलोडर, बालुवा ,गिट्टी, ढुङ्गाबाट सङ्कलन हुने राजश्व एवम् अन्य शीर्षकहरूमा प्राप्त राजश्व दुरूपयोग हुन नसक्ने अवस्थाको सुनिश्चिताको लागि राजश्व उपशाखाले Online Billing र राख्नुपर्ने विवरण तोकिएको ढाँचामा अनिवार्य राख्ने व्यवस्था मिलाउने । ढुङ्गा गिट्टी बालुवाको राजश्व सङ्कलन र नगर बस तथा एम्बलेन्सको चेकजाँचका लागि नगर प्रहरी थप क्रियाशील भइ राजश्व चुहावट हुन नदिने । साथै राजश्व प्राप्तिकको लक्ष्यअनुसार **अनुसूची-१** मा उल्लेख भएबमोजिम हालसम्म निर्धारित लक्ष्यमा ६६.०३ प्रतिशत सबैभन्दा बढी राजश्व सङ्लकनमा प्रगति गर्ने वडा नं ७ का वडा सचिव श्री कमल खड्कालाई पुरस्कृत गरियो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'कर्मचारी आचारसंहिता र लगबुक अनिवार्य गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गत कार्यरत सबै कर्मचारीहरूले निजामती ऐन, २०४९ र सोको नियमावली २०५०, कर्णाली प्रदेश स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ र सोको नियमावली विपरीत सरकार र कार्यालयको कामकाजप्रती भ्रम पैदा गर्ने तथा अनास्था जागृत गर्ने गरी सामाजिक सञ्जाल, सार्वजनिक स्थान, सञ्चार माध्यममा त्यस्ता अभिव्यक्ति प्रकट नगर्ने / नगराउने । सरकार र कार्यालयको कामकाजसँग जोडी द्विविधा उत्पन्न गराउने गरी कुनै अभिव्यक्ति प्रकट भएको पाइएमा आगामी दिनमा लिखित स्पष्टिकरणसहित अभिलेख राख्ने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिषरिद्को कार्यालय कर्णाली प्रदेश र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने व्यवस्थालाई कडाइपूर्वक लागू गर्ने । साथै कार्यालय समयमा कार्यालयबाट कामकाजमा जानुअघि शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी अनिवार्य रूपमा लगबुक भरेर मात्र कामकाजमा जाने व्यवस्था थप व्यवस्थित रूपमा अनिवार्य लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'सम्पादित कामहरूको प्रचारप्रसारलाई नियमित र व्यस्थित गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था लगायतबाट सम्पादन भएका कार्यहरूको प्रेस नोट, लेख र सफलताको कथाहरू सम्बन्धित शाखा प्रमुखले तयार



शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गरी आवश्यक सम्पादनका आधारमा तपसिलबमोजिम अनिवार्य र नियमित रूपमा प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | बार | शाखा | क्षेत्र |
|---|---|---|---|
| १ | आइतबार | प्रशासन, योजना तथा अनुगमन | प्रशासन, योजना तथा अनुगमन, सूचना प्रविधि, कानुन इकाइ |
| २ | सोमबार | पूर्वाधार विकास शाखा | पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन इकाइ |
| ३ | मङ्गलबार | शिक्षा, युवा तथा खेलकुद शाखा | शिक्षा, विद्यालय शिक्षा, युवा र खेलकुद |
| ४ | बुधबार | आर्थिक विकास शाखा | कृषि सेवा, पशु सेवा, पर्यटन, उद्योग तथा वाणिज्य, उद्यम विकास |
| ५ | बिहीबार | स्वास्थ्य तथा सामाजिक विकास | स्वास्थ्य, पञ्जीकरण, महिला बालबालिका |
| ६ | शुक्रबार | आर्थिक प्रशासन शाखा | लेखा व्यवस्थापन, बेरुजु, वित्तीय प्रगति |
| ७ | शनिबार | रोजगार सेवा केन्द्र | रोजगार तथ्याङ्क, योजना कार्यान्वयन, रोजगार कार्यक्रमको सकरात्मक प्रभाव |

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ को कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको विनासकारी भूकम्पका कारण यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका निजी आवासहरू क्षति पुगेका भूकम्प पीडितहरूको निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि **'विपद प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१'** बमोजिम वडा कार्यालयसँग सम्बन्धित तपसिलका कार्यहरू वडा सचिवहरूले वडा अध्यक्ष र वडा समितिको समन्वयमा यथाशीघ्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**तपसिल**

१. भूकम्पबाट क्षति भएका निजी आवासको विस्तृत क्षति आकलनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खटिएका प्राविधिक कर्मचारीहरूलाई आवश्यक सहयोग तथा समन्वय गर्ने र कुनै द्विविधा उत्पन्न भएमा सहजीकरणमा सहयोग गर्ने,
२. विस्तृत क्षति आकलनका क्रममा सूचना प्रणालीमा प्रविष्ट गर्ने गरी सूचना सङ्कलन प्रणाली मार्फत् सङ्कलन गरिएको लगत र सो बमोजिमको क्षति विश्लेषणका आधारमा यथार्थ पहिचान गरी निर्णयसहित लाभग्राही कायम गर्न सिफारिस गर्ने,
३. लाभग्राही कायम गर्न सिफारिस गर्दा कुनै लाभग्राही जोखिम वर्गमा पर्ने भए सोसमेत खुलाउने,
४. जिल्ला विपद् व्यवस्थापन समितिबाट लाभग्राही कायम भइ आएका लाभग्राहीहरूसँग दफा ११ बमोजिम वडा अध्यक्षले लाभग्राहीसँग सम्झौता गरी प्राधिकरणको सूचना प्रणालीमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने,
५. निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापनासँग सम्बन्धित कागजातहरू सुरक्षित राख्ने ।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रमअनुसार कार्यान्वयन गर्नुपर्ने योजनाहरूको सम्बन्धित शाखा, उपशाखा र वडा कार्यालयहरूले हालसम्म गरेको प्रगतिको समीक्षा गरियो। कार्यान्वयन हुन बाँकी योजना तथा कार्यक्रमहरूको कार्यतालिका निर्माण गरी यथाशीघ्र कार्यान्वयन गर्ने र सोको नियमित प्रगति प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख र सम्बन्धित कार्यालयहरूमा समेत पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'टोल विकास संस्था गठन गर्न छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा स्थानीय विकास प्रक्रियामा टोल तथा बस्तीस्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासमा सबै पक्षमा दीगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरूको सहभागितामा वडा कार्यालयको सहयोगीको रूपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि चौरजहारी नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ को दफा ३ बमोजिम प्रत्येक वडा र टोलमा टोल विकास संस्था गठन र दर्ता गरी २०८२ वैशाख मसान्तभित्र अनिवार्य रूपमा आवश्यक कागजात र विवरणसहित प्रशासन, योजना तथा अनुगमन  शाखामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'हाजिरी उतार प्रमाणित गरी पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय र सोअन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूले तलब भुक्तानी गर्ने प्रयोजनका लागि प्रत्येक महिनाको अन्तिम दिन इ-हाजिरी Input गरी प्रिन्ट गर्ने र  नगर कार्यपालिकाको कार्यालयको हकमा प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख, वडा कार्यालयको हकमा वडा अध्यक्ष र सचिवका साथै  स्वास्थ्य संस्थाको हकमा स्वास्थ्य संस्था प्रमुख र स्वास्थ्य शाखा प्रमुखले प्रमाणित गरी प्रत्येक महिनाको २ गतेभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा अनिवार्य पेस गर्ने निर्णय गरियो।

शेर प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत